प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ । । अङ्क : ३१४ ॥ २०८२ माघ ०३ गते शनिबार (17th Jan 2026 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-

# निर्वाचन आयोगले गगन पक्षको कांग्रेसलाई दियो मान्यता

झापा । निर्वाचन आयोगले गगन थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिने निर्णय गरेको छ। शुक्रबार बसेको आयोगको बैठकले चार तारे झन्डा र चुनाह चिन्ह रुखसहित गगन थापाले नेतृत्व गरेको कार्यसमितिलाई आधिकारिक कांग्रेसको मान्यता दिएको हो।

आयोगले मान्यता दिएसँगै गगन थापा आधिकारिक रूपमा नेपाली कांग्रेसको सभापति भएका छन्। तत्कालीन दुई महामन्त्री गगनकुमार थापा र विश्वप्रका शर्माको अगुवाईमा पुष २७ देखि ३० गतेसम्म भृकुटीमण्डपमा विशेष महाधिवेशन आयोजना भएको थियो। विशेष महाधिवेशनले गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो।

विशेष महाधिवेशनबाट उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीमा प्रदीप पौडेल र गुरु बराल, सहमहामन्त्रीमा महिलाबाट डा. डिला संग्रौला पन्त, दलितबाट प्रकाश रसाइली, आदिवासी-जनजातिबाट बहादुरसिंह लामा, खस-आर्यबाट उदय शम्शेर राणा, मधेसीबाट मुक्ताकुमारी यादव, मुस्लिमबाट



फर्मुल्ला मन्सुर, थारूबाट योगेन्द्र चौधरी र पिछडिएको क्षेत्रबाट कर्णबहादुर बुढा चयन भएका थिए।

कांग्रेस संस्थापन पक्षले विधानविपरीत कार्य गरेको भन्दै महामन्त्रीद्वय थापा, शर्मा र सहमहामन्त्रसी मन्सुरलाई कारबाही गरेको थियो। विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन भएपछि गगन थापाको समूह निर्वाचन आयोगमा अद्यावधिकका लागि निवेदन दिएको थियो। त्यसविरुद्ध संस्थापन पक्षले ८८५ जनाले हस्ताक्षर फिर्ता लिएको निवेदन दिएको थियो।

यसैबीच नेपाली कांग्रेसका सभापति थापाले एकताबद्ध भएर अघि बढ्न अपिल गरेका छन्। निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता नयाँ कार्यसमितिलाई मान्यता दिएपछि थापाले उक्त अपिल गरेका हुन्।

उनले निर्वाचन आयोगलाई विधानअनुसार निर्णय गरेकोमा धन्यवाद पनि दिएका छन्। 'नेपाली कांग्रेसमा विधि, विधान र पद्दति स्थापित भएको छ, विशेष महाधिवेशन कुनै विवादको विषय थिएन। निर्वाचन आयोगले संविधान, प्रचलित कानुन र पार्टीको विधान अनुसार निर्णय गरेको छ। यसप्रति हामी आभारी छौं,' उनले भनेका छन्।

विधि विधानले प्रधानता पाएको बताउँदै उनले जय पराजयको विषय नभएको उनको भनाइ छ। 'कुनै अलमल नपरौं, सबै संयम होऔं, जिम्मेवार बनौं, एकतावद्ध रहौं,' उनले भने। उनले शेरबहादुर देउवालगायत नेताहरूलाई लोकतान्त्रिक प्रक्रियालाई सहजरूपमा लिन आग्रह गरेका छन्।

उता निर्वाचन आयोगको निर्णय त्रुटिपूर्ण रहेको भन्दै शेरबहादुर देउवा पक्षका नेताहरूले आपत्ति जनाएका छन्। निर्वाचन आयोग पुगेका देउवा पक्षका नेता एवं कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आयोगको निर्णय सेटिङ अनुसार आएकाले नमान्ने बताए।

'निर्वाचन आयोगको निर्णय त्रुटिपूर्ण छ। त्यो निर्णय मान्दैनौं,' उनले भने। खड्काले आधिकारिकताको निर्णय गर्दा आयोगले संस्थापन पक्षसँग कुनै राय सल्लाह नलिएको आरोप लगाए। उनले संस्थापन पक्ष विधि विधानको पक्षमा रहेको र विधान अन्तर्गत नै चलेको दाबी गरे। उनले निर्वाचन आयोगको निर्णयविरुद्ध कानुनी लडाईं लड्ने बताए।

## झापा ५ मा उम्मेद्वारी दिन बालेनको टीम आइपुग्यो



झापा, माघ २ । झापामा ५ मा उम्मेद्वारी दिनका लागि राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाहको टीम दमक आइपुगेको छ । नवीन भण्डारी , निश्चल बस्नेतलगायतको टीम बिहीवार दमक आइपुगेको हो । बालेन उम्मेद्वारी दर्ताका लागि माघ ६ गते दमक आउँदैछन् ।

बालेन बस्नका लागि तीनवटा घर भाडामा लिने तयारी गरिएको छ । अहिलेसम्म भाडाको घरको टुंगो लागिनसकेको रास्वपा झापाका कार्यवाहक सभापति प्रकाश पाठकले बताए ।

झापा ५ मा उम्मेद्वारी दिनका लागि एमाले अध्यक्ष केपी ओली भने माघ ५ गते आउने भएका छन् । केपी बा र बालेनबीच झापा ५ मा रोमांचक भीडन्त हुने भएको छ ।

## भुतेनी खोलामा डुबेर एकजनाको मृत्यु

झापा, माघ २ । झापा बिर्तामोड-१० समावेशी टोलस्थित भुतेनी खोलाको बाँधमा डुबेर एकजनाको मृत्यु भएको छ ।

तत्काल नामथर वतन नखुलेको अन्दाजी बर्ष ५० का पुरुषको पानीमा डुबेर मृत्यु भएको हो । मृत अबस्थामा फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी निरीक्षक रुपेश राईको कमाण्डमा टोली गएको थियो ।मृतकको पहिचान तथा आफन्तको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## माघे संक्रान्तिका दिन झापामा १० वटा दुर्घटना
## तीनको मृत्यु , २८ जना घाइते

झापा, माघ २ । माघे संक्रान्तिका दिन झापामा १० वटा दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् ।

बिहीवार बिहान ९.३० बजे कन्काई माई मेला जाँदै गरेको मे १ च ४५१५ न. को पिकअप (मालबाहक) गाडी दुर्घटनामा परेको हो । पूर्वबाट जाँदै गरेको सो पिकअपलाई कनकाई - ३ नयाँ बस्तीस्थित पूर्वपश्चिम लोकमार्गमा माईधारबाट बिर्तामोडतर्फ आउँदै गरेको ना ५ ख २१४९ न. को बसले ठक्कर दिएको थियो । दुर्घटनामा पिकअपमा सवार आमा छोरीको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् । भद्रपुर ८ बस्ने आफुद राजवंशीकी श्रीमती ४० वर्षीया सुस्मा राजवंशी र उनकी छोरी डेढ वर्षीया आरुती राजवंशीको मृत्यु भएको हो । ४० वर्षीय आफुद राजवंशी र उनका अर्का छोरा १५ वर्षीय आशिष राजवंशी घाइते भएका छन् ।



सो दुर्घटनामा मेचीनगर - १५ बस्ने बर्ष ६५ की फुलमणि मुर्मु , सोही ठाउँ बस्ने बर्ष ४२ की जमुना राजवंशी ,टिकेन्द्र राजवंशीका छोरा बर्ष ११ का अनिष राजवंशी , भद्रपुर .४ बस्ने बर्ष ४० का पुष्पलाल राजवंशी , भद्रपुर ९ बस्ने बर्ष ४० की टेमुना राजवंशी , शिवसताक्षी १० बस्ने बर्ष २९ की अन्जली राई , बिर्तामोड ३ बस्ने बर्ष २४ का अभिषेक राजवंशी ,मेचीनगर १५ बस्ने बर्ष १५ की कृतिका राजवंशी , भद्रपुर ४ बस्ने बर्ष ४५ की पाथल राजवंशी ,भद्रपुर ८ बस्ने बर्ष १८ की रिया मण्डल घाइते भएका छन् । उनीहरुको बिर्तासिटी र बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै बिहीवार साँझ ७:५० बजे बिर्तामोड - ५ सिटीसेन्टरस्थित पूर्वपश्चिम लोकमार्गमा ट्रकले ठक्कर दिँदा मोटरसाइकलमा सवार श्रीमानको मृत्यु भएको छ भने श्रीमती घाइते भएकी छन् । बिर्तामोडबाट बुट्टाबारीतर्फ जाँदै गरेको ना ८ ख २२९७ न. को ट्रक र बिपरित दिशाबाट आउँदै गरेको नम्बर नखुलेको (जलेर) मोटरसाइकल एक आपसमा ठक्कर खाएका थिए । मोटरसाइकल चालक हल्दिवारी ४ बस्ने बर्ष ३२ का खगेन्द्र मगरको मृत्यु भएको हो । मोटरसाइकलमा पछाडि सवार उनकी श्रीमती बर्ष २५ की सुकमाया तामाङ गंभीर घाइते छिन् । उनको बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनापश्चात् मोटरसाइकलमा आफै आगलागी भई मोटरसाइकल पूर्णरुपमा जलेर नष्ट भएको छ ।

त्यस्तै बिहीवार बिहान ८;३० बजे हल्दीवारी ४ मंगलबारेस्थित भित्री पक्की सडकखण्डमा मंगलबारेबाट बिर्तामोडतर्फ आउँदै गरेको मे १ ह ५७०८ नं. को अटो रिक्सा र बिपरित दिसाबाट जाँदै गरेको प्र.१-०१-०१५ प २४३ नं. को मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा चारजना घाइते भएका छन् । अटो चालक हल्दीवारी ४ बस्ने बर्ष ४२ का राजु मेचे सकुशल छन् भने अटोमा सवार उनकी श्रीमती बर्ष ४० की मिना मेचे , उनका छोरा बर्ष २३ का अनन मेचे , मोटरसाइकल चालक बिर्तामोड ४ बस्ने बर्ष ३६ का कुशल अधिकारी र मोटरसाइकलमा पछाडि सवार उनकी आमा बर्ष ६५ की बुद्धिमाया अधिकारी घाइते भएका छन् । घाइतेहरुको बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै बिहीवार दिउँसो ४:३० बजे शिवसताक्षी ११ स्थित झिलझिले -सतासीधाम भित्री पक्की सडकखण्डमा सतासीधामबाट झिलझिलेतर्फ आउँदै गरेको प्र १-०१-०१४ प ०४२ न.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएर सोही दिशाबाट आउँदै गरेको प्र १-०१-०१५ प ००७२ न.को मोटरसाइकलले पछाडिबाट ठक्कर दिँदा ०४२ न.को मोटसाइकल पछाडि सवार शिवसताक्षी १ बस्ने वर्ष ४० का तिर्थबहादुर प्रधान घाइते भएका छन् । उनलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड

❖ बाँकी पृष्ठ ४ मा

## झापाका सवै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा

• **लक्ष्मी उप्रेती**

मेचीनगर । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनका लागि झापाका पाँचवटै निर्वाचन क्षेत्रमा शुक्रबारबाट निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आएका छन् । जिल्ला निर्वाचन कार्यालय झापाका अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा झापा निर्वाचन क्षेत्र नम्बर -३ को निर्वाचन अधिकृतको कार्यालय भद्रपुरस्थित जिल्ला समन्वय समितिको भवनमा स्थापना गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालयमा मुख्य निर्वाचन अधिकृत झापा जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुईंटेलको कार्यालय रहने छ भने सोहि स्थानमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर –३ को कार्यालयसमेत रहने छ । झापा निर्वाचन क्षेत्र नम्बर –३ राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनको क्षेत्र हो । यसअघिका निर्वाचनमा एमालेको सहयोगमा उनले चुनाव जित्दैं आएका छन् । झापाको निर्वाचन क्षेत्र नम्बर –३ मा ७१ हजार एकसय ७४ पुरुष र ६९ हजार छ सय ८३ महिलागरी कुल मतदाता एकलाख ४० हजार आठसय ५७ जना रहेका छन् । यसक्षेत्रको सहायक निर्वाचन अधिकृतको जिम्मेवारी डिल्लीराम प्रसाईलाई तोकिएको छ । यसक्षेत्रमा कुल ६७ वटा मतदान स्थल र एकसय ६४ वटा मतदान केन्द्र रहेका छन् ।

यसैगरी, प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर –१ को निर्वाचन अधिकृतको कार्यालय मेचीनगर नगरपालिकाको कार्यालयमा रहेको छ । निर्वाचन सम्पन्न गर्नका लागि गोपी विश्वकर्मालाई निर्वाचन अधिकृत र टेकबहादुर श्रेष्ठलाई सहायक निर्वाचन अधिकृत तोकिएको छ । निर्वाचन कार्यालय झापाका प्रमुख तुलसी नेपालका अनुसार झापाको निर्वाचन क्षेत्र नम्बर –१ मा ६५ हजार आठसय ५८ पुरुष र ६५ हजार दुईसय नौ महिला गरी कुल एकलाख ३१ हजार ६७ जना मतदाता रहेका




छन् । यी मतदाताहरुले ४५ मतदान स्थलका एकसय ४५ वटा मतदान केन्द्रबाट मत खसाल्ने छन् । क्षेत्र नम्बर –२ मा निर्वाचन अधिकृतको कार्यालय अर्जुनधारा नगरपालिकाको प्रशासनिक भवनमा राखिएको छ । क्षेत्र नम्बर –२ मा महेश खत्री र शुक्रराज बान्तवालाई क्रमशः निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतको जिम्मेवारी प्रदान गरिएको छ । यसक्षेत्रमा कुल मतदाता संख्या एकलाख ४७ हजार पाँचसय २२ रहेको निर्वाचन कार्यालय झापाले जनाएको छ । कार्यालयका अनुसार ७३ हजार नौसय ५० पुरुष, ७३ हजार पाँचसय ६७ महिला र पाँचजना अन्य मतदाता रहेका छन् । निर्वाचन क्षेत्र नम्बर –२ मा ४९ वटा मतदान स्थल र एकसय ६५ वटा मतदान केन्द्र कायम गरिएको छ । तुर्सा हेमरम प्रतिष्ठान कन्काई नगरपालिका –१ मा झापा निर्वाचन क्षेत्र नम्बर –४ को निर्वाचन अधिकृतको कार्यालय राखिएको छ । निर्वाचन अधिकृत भिमप्रसाद भुर्तेल र सहायक निर्वाचन अधिकृत क्षेत्रनाथ शर्मा तोकिएका छन् । त्यसक्षेत्रमा ६६ हजार दुई सय ८३ पुरुष, ६४ हजार चारसय २८ महिला र एक अन्यगरी कुल मतदाता संख्या एकलाख ३० हजार सातसय १२ जना रहेका छन् । निर्वाचन कार्यालय झापाका अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचन २०७९ मा यसक्षेत्रमा कुल एकलाख २३ हजार एकसय २४ जना मतदाता थिए । ६३ वटा मतदान स्थल रहेको क्षेत्र नम्बर ४ मा एकसय ५६ वटा मतदान केन्द्र रहेका छन्।

दमक –८ मा रहेको अर्ग्यानिक कृषि केन्द्रलाई झापा निर्वाचन क्षेत्र नम्बर –५ को निर्वाचन अधिकृतको कार्यालय बनाइएको छ । त्यसक्षेत्रको निर्वाचन अधिकृत बिदुरकुमार कार्की र सहायक निर्वाचन अधिकृत जीतबहादुर श्रेष्ठ रहेका छन् । झापा निर्वाचन क्षेत्र नम्बर –५ पूर्व प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओलीको क्षेत्र पनि हो । क्षेत्र नम्बर –५ मा कुल मतदाता संख्या एकलाख ६३ हजार तीनसय ७९ रहेको निर्वाचन कार्यालय झापाले जनाएको छ । कार्यालयका अनुसार ८१ हजार ८१ पुरुष, ८२ हजार दुईसय ९६ महिला र अन्य दुई जना मतदाता छन् । यसक्षेत्रमा ६१ वटा मतदान स्थल र एकसय ८५ वटा मतदान केन्द्र रहेको निर्वाचन कार्यालय झापाले जनाएको छ ।

झापामा तीन लाख ५८ हजार तीन सय ४६ पुरुष, तीन लाख ५५ हजार एकसय ८३ महिला र आठ अन्य गरी कुल सातलाख १३ हजार पाँचसय ३७ जना मतदाता रहेका छन् । झापाका यी मतदाताहरुले पाँचवटा निर्वाचन क्षेत्रका दुईसय ८५ मतदान स्थलका आठसय १५ वटा मतदान केन्द्रबाट प्रतिनिधि सभा सदस्य चुन्ने छन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचन –२०७९ को तुलनामा फागुन २१ मा हुने निर्वाचनमा झापामा मतदाताको संख्या निक्कै बृद्धि भएको छ । निर्वाचन कार्यालय झापाको अभिलेख अनुसार २०७९ मा जिल्लामा तीन लाख ३१ हजार ४४ पुरुष, तीन लाख ३२ हजार दुई सय ५९ महिला र आठ अन्य गरी कुल मतदाताको संख्या छ लाख ६३ हजार तीन सय ११ जना रहेको थियो । २७ हजार तीन सय दुई पुरुष २२ हजार नौ सय २४ महिला गरी यसपटक ५० हजार दुई सय २६ जना मतदाता थपिएका छन् । त्यसैगरी, प्रतिनिधि सभा सदस्य निर्वाचन –२०७९ मा जिल्लाका पाँच वटा निर्वाचन क्षेत्रमा दुई सय ८५ मतदान स्थल र सात सय ६६ मतदान केन्द्र थिए । प्रतिनिधि सभा सदस्य निर्वाचन –८२ मा ४९ वटा मतदान केन्द्र थप गरिएको छ । प्रतिनिधि सभा सदस्य ऐन, २०७४ को दफा ७ बमोजिम निर्वाचन कार्यक्रमको तालिका सार्वजनिक गरिएको छ । तालिका अनुसार माघ ६ गते विहान १० देखि ५ वजेसम्म उम्मेद्वारको मनोनयन दर्ता गर्ने, सोहि दिन साँझ ५ देखि ७ वजेसम्म मनोनयन दर्ता भएको उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने, माघ ७ गते विहान १० देखि दिउँसो ३ वजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, माघ ७ र ८ गते मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गर्ने, माघ ८ गते साँझ ५ देखि ७ वजेसम्म उम्मेदवारको नामावली प्रकाशन गर्ने, माघ ९ गते विहान १० देखि दिउँसो १ वजेसम्म उम्मेद्वारको नाम फिर्ता लिने, माघ ९ गते दिउँसो १ वजेदेखि ३ वजेसम्म उम्मेद्वारको अन्तिम नामावली प्रकाशन गर्ने, माघ ९ गते दिउँसो ४ देखि ७ वजेसम्म उम्मेद्वारलाई चुनाव चिन्ह प्रदान गर्ने तालिका रहेको छ ।

# ओलीलाई हराउन केही पनि कठीन छैन–लिङ्देन



झापा,माघ २ । आगामी निर्वाचनमा एमाले अध्यक्ष केपी ओलीलाई कसैले पनि हराउन नसक्ने उनका कार्यकर्ताहरुले दावी गरिरहँदा आजभन्दा १८ वर्षअघि पहिलो संविधानसभा चुनाव जितेका विश्वदीप लिङ्देनले ओलीलाई हराउन केही पनि कठीन नभएको बताएका छन् । पहिलो संविधान सभा निर्वाचनमा साविकको क्षेत्र नम्बर ७ मा लिङ्देनले ओलीलाई ११४० मतको अन्तरले हराएका थिए । लिङ्देनले १६ हजार ९९ मत ल्याउँदा दोस्रो बनेका ओलीले १४ हजार ९५९ मत पाएका थिए । कांग्रेसले त्यसबेला ११ हजार मत ल्याएको थियो भने राप्रपाले ३ हजार ४७८ मत पाएको थियो । युवा नेता लिङ्देनले ०६४ सालको संविधानसभा चुनावमा माओवादीका तर्फबाट केपी ओलीसँग चुनाव लडेका थिए ।

राम्रो उम्मेद्वार खडा भए झापा क्षेत्र नं ५ मा ओलीलाई सजिलै हराउन सकिने लिङ्देनले विश्वास व्यक्त गरे । त्यसबेलाका संघीयता विरोधी रहेका ओली अहिले भ्रष्टाचारीका नाइके भएको भन्दै झापा क्षेत्र नं ५ का मतदाताहरु असल उम्मेद्वारको खोजीमा रहेको लिङ्देनको भनाई छ । कांग्रेस महासमिति सदस्य तथा लोकतान्त्रिक आदिवासी जनजाति महासंघका केन्द्रीय उपाध्यक्ष रहेका लिङ्देनले पार्टीले आगामी निर्वाचनमा आफूलाई टिकट दिए ओलीलाई हराएर देखाइदिने दावीसमेत गरेका छन् ।

# पक्राउ परेका अभय राजवंशी रिहा

झापा, माघ २ । झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललाई अपशव्द प्रयोग गरेका कारण पक्राउ परेका अभय राजवंशी रिहा भएका छन् ।

अब आइन्दा त्यस्तो गल्ती नगर्ने शर्तमा माफी मागेपछि उनलाई बिहीवार दिउँसो रिहा गरिएको हो । अबदेखि त्यस्तो गल्ती नगर्ने भन्दै माफी मागेपछि रिहा गरिएको प्रमुख जिल्ला अधिकारी गेलालले बताए । त्यस विषयमा जिल्ला प्रशासन कार्यालयमा छलफल राखिएको थियो । जिल्ला प्रशासन कार्यालयमा मौखिक माफी मागेका राजवंशीले जिल्ला प्रहरी कार्यालयमा लिखित रुपमा माफी मागेको प्रहरीले जनाएको छ ।

बुधवार राति १०.३० बजे बिर्तामोड वडा न.१ स्थित नाइटलाईफ डान्सबारबाट प्रहरीले कनकाई वडान.९बस्ने ४४वर्षीय अभय राजवंशी , नाइटलाइफ डान्सबारकी संचालिका ४२ वर्षीया नविना राजवंशी र बिर्तामोड १ बस्ने ४१ वर्षीय रमेश राजवंशीलाई पक्राउ गरेको थियो । पुष २९ गते राजवंशी समाज विकास समितिको नाममा अभय राजवंशीले डोमालाल राजवंशी रंगशालामा भाक्का दिवस मनाउने क्रममा प्रमुख जिल्ला अधिकारी गेलाललाई अपशव्द प्रयोग गरेका थिए । त्यस विषयमा सोधपुछ गर्न जिल्ला प्रशासन कार्यालयले मंगलवार दिउँसो ३ बजेभित्र उपस्थित गराइदिन प्रहरीलाई पत्र पठाएको थियो । जिल्ला प्रशासन कार्यालय झापाको च.न.६१६५ मिति२०८२।०९।३० गतेको पत्र आदेश अनुसार इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी बरिष्ठ नायव निरीक्षक देवराज निरौलाको टोलीले डान्सबारमा रहेका अभयलाई नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिने क्रममा नबिना राजवंशी र रमेश राजवंशीले खटिएको प्रहरी टोलीलाई अभद्र ब्यबहार गरेको भन्दै उनीहरुलाई पनि पक्राउ गरेको थियो । तीनैजनालाई नियन्त्रणमा लिई इप्रका बिर्तामोडमा लगिएकोमा अभय र नबिनालाई थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय पठाइएको थियो । रमेशलाई इप्रका बिर्तामोडमा नै राखिएको थियो । राति १२.३५ बजे नबिना राजवंशीलाई आवश्यक परेको बखत उपस्थित हुने गरी उनका श्रीमान भरत राजवंशीको जिम्मा लगाई पठाइएको थियो । रमेश राजवंशीलाई बिहीवार रिहा गरिएको प्रहरीले जनाएको छ ।

# एमाले अध्यक्ष ओली र झापा गोल्डकपको टोलीबीच भेटघाट

बिर्तामोड । झापा गोल्डकपका अध्यक्ष केदार गिरीसहितको टोलीले नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग बिहीवार भेटघाट गरेको छ ।

झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा माघ २४ गतेदेखि हुन गइरहेको झापा गोल्डकपको स्वर्गीय 'बिनोद बस्नेत स्मृति' सातौं संस्करण फुटबल प्रतियोगिताका सन्दर्भमा कुराकानी गर्न आज अध्यक्ष ओलीसँग भेटघाट गरिएको गोल्डकपका अध्यक्ष गिरीले जानकारी दिए । उहाँ झापाबासी, पूर्व प्रधानमन्त्री भएकाले प्रतियोगिता सफल बनाउन उहाँको सहयोग आवश्यक छ' अध्यक्ष गिरीले भने, 'प्रतियोगिताको तयारीका बारेमा कुराकानी गरेर फर्किएका छौं ।'

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटघाट गर्न झापा गोल्डकपका अध्यक्ष गिरी, पूर्वमन्त्री अग्नि खरेल, बरिष्ठ उपाध्यक्ष गजेन्द्र पौडेल, कार्यसमिति सदस्य मदन खड्का, राजु घिमिरेलगायतको टोली गुण्डु पुगेको थियो ।

# झापाका प्रहरी प्रमुख एसपी लिम्बूलाई मातृशोक

झापा, माघ २ । जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख, प्रहरी उपरीक्षक (एसपी) राजन लिम्बूलाई मातृशोक परेको छ । प्रहरी उपरीक्षक लिम्बूकी आमा सुनसरी बराहक्षेत्र नगरपालिका ९ राजाबासमा बस्ने विष्णुमाया लिम्बूको बुधवार राति ८.१० बजे ९२ वर्षको उमेरमा निधन भएको हो । उनी केही समयदेखि अस्वस्थ्य रहेकी थिइन् ।

प्रहरी उपरीक्षक लिम्बू तीनजना दिदी र ६ जना दाजुभाइमध्ये अन्तरे हुन् । लिम्बूका पिता लालबहादुर लिम्बूको निकै वर्षअघि स्वर्गारोहण भएको थियो ।

# बिर्तामोडमा सुपर सिक्स क्रिकेट हुने

बिर्तामोड, माघ २ । झापाको बिर्तामोडमा सुपर सिक्स क्रिकेट प्रतियोगिता हुने भएको छ । डोमालाल राजवंशी रंगशालामा हुने प्रतियोगिता दुई दिने हुनेछ । आयोजक झापा क्रिकेट क्लबका अध्यक्ष माधवकुमार झाका अनुसार प्रतियोगिता माघ ३ र ४ गते हुनेछ भने मिसन झापाले सञ्चालन गर्नेछ ।

प्रतियोगितामा १० देखि १५ वटा टिमको सहभागिता रहने क्लबका सचिव सुरज खड्काले जानकारी दिए । सहभागी टिमको टुंगो माघ ३ गते बिहान मात्र लाग्ने बताइएको छ । प्रतियोगिताको विजेताले नगद एक लाख रुपैयाँ, ट्रफी र मेडल प्राप्त गर्नेछ भने उपविजेताले नगद ३५ हजार, ट्रफी र मेडल पाउनेछ । त्यस्तै, उत्कृष्ट ब्याट्म्यान, उत्कृष्ट बलर र उत्कृष्ट विकेटकिपरले नगद पाँच हजार रुपैयाँ, ट्रफी र मेडल पाउनेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई नगद १० हजार, ट्रफी र मेडल प्रदान गरिने अध्यक्ष झाले बताए ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## कोशी प्रदेशको
## १५ दिने सूचना

सधियार पूर्व श्रीः छात्रा देवी तिम्सिना, पश्चिमः बाटो, उत्तरः श्री शान्ति विश्वकर्मा, दक्षिण : बाटोको नाममा जारी गरिएको ।

बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री भरत खवासले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | १ | १९३६८ | २५३.१५ | २०८२/०९ /११ | २०८२/०९ /११ | २०८३/०९/२५ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## कोशी प्रदेशको
## १५ दिने सूचना

सधियार उत्तरः श्री विष्णु तामाङ, दक्षिणः श्री सुरेन्द्र पौडेल को नाममा जारी गरिएको ।

साविक चारपाने ३ गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री वीर बहादुर भण्डारीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९०१ २० | ७९ | १६९. ३१ | २०८२/०८ /२५ | २०८२/०८ /२५ | २०८१/०९/१७ |

# माघे...

ल्याइएको छ । त्यस्तै बिहीवार साँझ ५;४० बजे गौरादह ८ प्रगति चोकस्थित गौरीगंज- गौरादह भित्री सडकखण्डमा गौरीगंजबाट गौरादहतर्फ जाँदै गरेको प्र१-०१-००२ ह ४९३८ नम्बरको सिटी सफारी आफै अनियन्त्रित भई दुर्घटना हुँदा दुईजना घाइते भएका छन् । सिटी सफारीमा सवार गौरादह ७ बराल चोक बस्ने बर्ष ४२ का बुधलाल हस्दा र पाटागाडा बस्ने बर्ष १३ की तनु मुर्मु घाइते भएका हुन् । उनीहरुलाई उपचारका लागि लाईफलाईन अस्पताल दमक पठाइएको छ ।

त्यस्तै बिहीवार साँझ ७:३० बजे दमक वडा न.१ नगरपालिकास्थित भित्री सडकखण्डमा हाटखोलाबाट फाल्गुनन्द चोकतर्फ आउँदै गरेको प्र.न.१-०२-०५३ प.७५३५ नम्बरको मोटरसाइकललाईबिपरित दिशाबाट जाँदै गरेको अल्फाबेट नखुलेको ०६०२ नम्बरको सेतो रंगको बोलेरो पिकअप गाडीले ठक्कर दिँदा मोटरसाइकल चालक दमक ३ बस्ने बर्ष १९ का अनुभव चौधरी घाइते भएका छन् । उनलाई उपचारको लागि दमक अस्पताल दमक पठाइएको छ । त्यस्तै बिहीवार राति ८ बजे अर्जुनधारा ४ रातेखालस्थित शनिश्चरे- रातेखाल भित्री सडकखण्डमा रातेखालबाट शनिश्चरेतर्फ आउँदै गरेको प्र१-०१-०१३प ९१२९ न. को स्कुटी र विपरित दिशातर्फ जाँदै गरेको मे५प ६८७७ न. को मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा स्कुटी चालक अर्जुनधारा ४ बस्ने बर्ष ३० का सुरज धिमाल ,सोही स्कुटीमा सवार निवास मल्लिककी छोरी बर्ष ६ की आयुसी मल्लिक र मोटरसाइकल चालक अर्जुनधारा ७ बस्ने बर्ष ५० का ज्ञानु भट्टराई घाइते भएका छन् । तीनैजनाको शंकर अस्पताल शनिश्चरेमा उपचार भइरहेको छ । त्यस्तै बिहीवार साँझ ५:२५ बजे बुद्धशान्ति १ शान्ति चोकस्थित भित्री सडकखण्डमा भोटेटारबाट बुधबारेतर्फ आउने क्रममा मे ७ प ४०६३ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक बुद्धशान्ति २ बस्ने वर्ष २७ का दिवस प्रधान , सोही मोटरसाइकलमा पछाडि सवार श्याम प्रधानका छोरा वर्ष १३ का शुभम् प्रधान र उनकी बहिनी २३ महिनाकी शुभश्री प्रधान घाइते भएका छन् । तीनै जना घाइतेको बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै बिहीवार राति १०:५० बजे बाह्रदशी ४ चकचकीस्थित भित्री सडकखण्डमा लक्ष्मीपुरबाट फुलबारीतर्फ जाँदै गरेको मे२प ७२०५ नंको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक बाह्रदशी ४ चकचकी बस्ने बर्ष २९ का लक्ष्मी ताजपुरिया घाइते भएका छन् । उनको बिर्तासिटी अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै बिहीवार राति ११ बजे कनकाई नगरपालिका वडा न.५ चप्रामारी चोकस्थित भित्री सडकखण्डमा सुरुङ्गाबाट शरणामतीतर्फ जाँदै गरेको तत्काल नम्बर नखुलेको मोटसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक मोरङ कानेपोखरी वडा नं. १ हर्कबारी बस्ने बर्ष २१ का सुरेश मर्डी र पछाडी सवार वर्ष १८ का सुनिल मुर्मु घाइते भएका छन् । घाइतेहरुलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएको प्रहरीले जनाएको छ ।


## कुक आवश्यकता

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

सम्पर्क
९८५२६४०४०५
9852640405



## डाक्टर आउने बारे सूचना

आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलब्ध छ ।

**डा. टंकप्रसाद बाराकोटी**
नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ
NMC –2356

**प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म**

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०
शनिश्चरे रोड , बिर्तामोड


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
व्याङडाँडा ,झापा

## जनहितमा जारी सूचना
**महिला हिंसा अन्त्य गरौं ।**

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।

## नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको अनुरोध

**शीतलहर चलेका विद्युत प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरूः**

शीतलहर (अत्यधिक जाडो) को समयमा विद्युत उपकरण प्रयोग गर्दा विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ । यस समयमा हुने साना लापरवाहीले आगो लाग्ने, करेन्ट लाग्ने वा उपकरण बिग्रने जोखिम बढाउँछ । ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् ।

१. **हिटर, ब्लोअर र हिटर रड प्रयोग गर्दा**
- ओभरलोड हुने गरी एकै प्लगमा धेरै उपकरण नजोड्नुहोस्
- हिटर नजिक कपडा, पर्दा, कागज, ओछ्यान नराख्नुहोस्
- सुत्ने बेला हिटर वा ब्लोअर अन गरेर ननिदाउनुहोस्
- पानी तताउन प्रयोग गरिने हिटर रड बाल्टिन बाहिर ननिकाल्नुहोस्

२. **तार र प्लगको अवस्था जाँच**
- पुराना, चुँडिएका वा नाङ्गा तार प्रयोग नगर्नुहोस्
- चिसोले तार कडा हुने भएकाले मोड्दा फुट्ने जोखिम हुन्छ
- ढिलो वा खुकुलो प्लग तुरुन्त मर्मत गर्नुहोस्

३. **भिजेको हातले नछुने**
- भिजेको हात वा भिजेको जमिनमा उभिएर विद्युत उपकरण नछुनुहोस्
- बाथरुममा हिटर प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्

४. **बालबालिका र वृद्धको सुरक्षा**
- बालबालिकालाई हिटर, साकेट र तार छुन नदिने
- वृद्ध तथा अशक्त व्यक्तिको कोठामा सुरक्षित दूरीमा उपकरण राख्ने

५. **आगलागीबाट बच्न**
- सकेसम्म थर्मोस्टेट र अटो कट भएका उपकरण प्रयोग गर्नुहोस्
- लामो समयसम्म प्रयोग नगर्दा प्लग निकालेर राख्नुहोस्
- घरमा फायर एक्स्टिङ्गुइशर वा बालुवा राख्नु उपयुक्त हुन्छ

६. **लाइन र अर्थिङ**
- घरमा अर्थिङ राम्रोसँग जडान भएको हुनुपर्छ
- बारम्बार बत्ती झिम्किने वा फ्युज जाने समस्या आए प्राविधिक बोलाउनुहोस्

७ **सूचना पालना**
- नेपाल विद्युत प्राधिकरण र स्थानीय निकायले जारी गरेका सुरक्षा सूचना पालना गर्नुहोस्
- सावधानी अपनाऔं, दुर्घटनाबाट जोगिऔं।

## कचनकवल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

## सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति: २०८२-१०-३०

[illegible]

तपसिल :-

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | सेवा अवधि |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य ०१-२०८२/०८३ | जनस्वास्थ्य अधिकृत | स्थानीय सरकारी सेवाको अधिकृत स्तर सातौं तह सरह | १ (एक) | आ.व. २०८२/०८३ को असार मसान्त सम्म |

१. परीक्षा विधि :- [illegible]
२. दरखास्त फाराम पाइने स्थान :- [illegible]
३. परीक्षा मिति :- [illegible]
४. दरखास्त दस्तुर बुझाउने विधि र स्थान :-
- कार्यालय कोड :- [illegible]
- राजस्व शिर्षक :- १४२२४
- राजस्व शिर्षकको नाम :- परीक्षा शुल्क
- बैंक खाता नं. :- 0672050029136002
- बैंक खाताको नाम :- [illegible]
- खाता रहेको बैंक :- NIC Asia Bank Ltd., [illegible]

५. उम्मेदवारको उमेर हद :- [illegible]
६. तलब / सेवा / सुविधा :- [illegible]
७. दरखास्त दिने अन्तिम मिति :- [illegible]
८. आवेदन दस्तुर :- [illegible]
९. आवश्यक न्युनतम योग्यता र अनुभव :-
- [illegible]
- [illegible] (MS Word, Excel, PowerPoint, Email/ Internet आदि) [illegible]

१०. दरखास्त फारामसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु [illegible] :-
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible] (NHPC) [illegible]

११. पाठ्यक्रम :- [illegible]

द्रष्टव्य:
(क) [illegible]
(ख) [illegible]
(ग) [illegible]

[illegible]

स्कार्इ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# गगनलाई बधाई

निर्वाचन आयोगले गगन थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिने निर्णय गरेको छ। शुक्रबार बसेको आयोगको बैठकले चार तारे झन्डा र चुनाह चिन्ह रुखसहित गगन थापाले नेतृत्व गरेको कार्यसमितिलाई आधिकारिक कांग्रेसको मान्यता दिएको हो।
आयोगले मान्यता दिएसँगै गगन थापा आधिकारिक रूपमा नेपाली कांग्रेसको सभापति भएका छन्। तत्कालीन दुई महामन्त्री गगनकुमार थापा र विश्वप्रका शर्माको अगुवाईमा पुष २७ देखि ३० गतेसम्म भृकुटीमण्डपमा विशेष महाधिवेशन आयोजना भएको थियो। विशेष महाधिवेशनले गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो।
विशेष महाधिवेशनबाट उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीमा प्रदीप पौडेल र गुरु बराल, सहमहामन्त्रीमा महिलाबाट डा. डिला संग्रौला पन्त, दलितबाट प्रकाश रसाइली, आदिवासी–जनजातिबाट बहादुरसिंह लामा, खस–आर्यबाट उदय शम्शेर राणा, मधेसीबाट मुक्ताकुमारी यादव, मुस्लिमबाट फर्मुल्ला मन्सुर, थारूबाट योगेन□ चौधरी र पिछडिएको क्षेत्रबाट कर्णबहादुर बुढा चयन भएका थिए।
कांग्रेस संस्थापन पक्षले विधानविपरीत कार्य गरेको भन्दै महामन्त्रीद्वय थापा, शर्मा र सहमहामन्त्रसी मन्सुरलाई कारबाही गरेको थियो। विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन भएपछि गगन थापाको समूह निर्वाचन आयोगमा अद्यावधिकका लागि निवेदन दिएको थियो। त्यसविरुद्ध संस्थापन पक्षले ८८५ जनाले हस्ताक्षर फिर्ता लिएको निवेदन दिएको थियो।
संसदीय आमनिर्वाचनको तयारी भइरहँदा मुलुकको सबैभन्दा ठुलो र पुरानो पार्टी नेपाली कांग्रेसमा उत्पन्न विवादले चिन्ता र आशक्ता बढाएको थियो । निर्वाचन आयोगको निर्णयपछि अब हटेको छ ।
मुलुकले अहिले नयाँ परिवर्तन खोजेको छ । भ्रष्टाचारमुक्त समाज, सुशासन, समृद्धि र शान्तिका लागि पुरानो पाराको शासनशैली र नेतृत्वबाट सम्भव नदेखेर नै नवयुवा (जेनजी) पुस्ताले आन्दोलन गरेको हो । आन्दोलनले तत्कालीन सरकार विस्थापित गरी पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनाएको छ । यो सरकारले आउँदो फागुन २१ गते प्रतिनिधि सभाको नयाँ निर्वाचन गराउने कार्यादेश पाएको छ । मुलुक निर्वाचनमय भइरहेको छ । चुनावमा भाग लिने नयाँ पुराना राजनीतिक दलहरूले समानुपातिकतर्फको बन्दसूची निर्वाचन आयोगमा पेस गरिसकेका छन् । कांग्रेस पुरानै नेतृत्वलाई अगाडि सारेर निर्वाचनमा जाँदा सफलता मिल्दैन भन्ने कांगेसजनको भावनालाई युवा महामन्त्रीद्वय थापा र शर्माले अगाडि सारे । उनीहरूको विशेष पहलमा बहुमत महाधिवेशन प्रतिनिधि जुटाएर पार्टीको विशेष महाधिवेशन गराए । महाधिवेशनले थापालाई नयाँ सभापति चयन गरी उनकै नेतृत्वमा चुनावमा जाने निर्णय गरेको छ तर यो कुरा पार्टीको संस्थापन पक्षले स्वीकार गरेको छैन । सभापति शेरबहादुर देउवा तत्काल नेतृत्व हस्तान्तरण गर्न सहमत भएनन् । जसले गर्दा कांग्रेस विवाद पेचिलो बनेको थियो ।कांग्रेस सभापति बनेकोमा गगनलाई बधाई छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सहभागितामूलक सेवा प्रवाह



• रीता भण्डारी

हाम्रो घरमा पानी आएन, वडाबाट सिफारिस लिन दिनभरि लाइन बस्नु प-यो, अस्पतालको टिकट पाउन धकेला धकेल भयो, यस्ता साना देखिने तर दैनिक जीवनसँग जोडिएका समस्या नै राज्यसँग नागरिकको सम्बन्ध हो । नागरिकले सेवामा सहजता, सम्मान र समयमै सुनुवाइ चाहन्छन् । राज्यप्रति नागरिकको विश्वास र नागरिक सहभागिता यहीबाट सुरु हुन्छ । मतदान मात्र होइन, निर्णय र सेवामा नागरिकको आवाज पुग्ने र उत्तर आउने व्यवस्था कानुनका पाना हेर्‍यौं भने नेपालले यो अपेक्षा स्वीकारिसकेको देखिन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सरकारी कामकारबाही खुला र पारदर्शी हुनु पर्छ भन्ने मर्म राख्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले सार्वजनिक प्रशासनलाई जनमुखी, जनउत्तरदायी, पारदर्शी, समावेशी र जनसहभागितामूलक बनाउने दिशा देखाउँछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि स्थानीय तहलाई जनसहभागिता, उत्तरदायित्व र पारदर्शितामार्फत सरल र गुणस्तरीय सेवा प्रवाहतर्फ उन्मुख गराउँछ तर कानुन लेखेर मात्रै पुग्दैन नागरिकले 'कहाँ गएर सुनाउने' र 'कहिले उत्तर आउने' भन्ने बाटो स्पष्ट हुनु पर्छ । पछिल्ला वर्षमा यस्तो बाटो केही हदसम्म बनेको छ । गुनासो उजुरी व्यवस्थापनका लागि सञ्चालन गरिएको 'हेलो सरकार' एउटा ठोस उदाहरण हो । आर्थिक वर्ष २०८०/८१ मा यसमार्फत १६ हजार १३५ उजुरी सम्बन्धित निकायमा कारबाहीका लागि पठाइएका र सात हजार ८१० गुनासो फर्स्योट भएको विवरण सार्वजनिक गरिएको छ । विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७३६ सार्वजनिक निकाय जोडिएको तथ्य पनि उल्लेख गरिएको छ । यसले 'कहाँ गएर कराउने' भन्ने नागरिकको द्विविधा घटाउँछ । कम्तीमा ढोका देखाउँछ, प्रक्रियाको सुरुवात गराउँछ ।

स्थानीय तहमा सार्वजनिक सुनुवाइ अर्को बलियो उपाय हो । सार्वजनिक सुनुवाइको मर्म नै यस्तो हो । नागरिकले उठाएका प्रश्नमा स्पष्टता ल्याउने, रचनात्मक सुझाव ग्रहण गर्ने, जिम्मेवार अधिकारी र नागरिकबिचको दुरी घटाउने हो । जब गाउँ/नगरमै जनप्रतिनिधि र कर्मचारीले सार्वजनिक रूपमा जवाफ दिन्छन्, सेवा सुधारको दबाब स्वाभाविक रूपमा बढ्छ तर यहाँ चुनौती पनि छ सुनुवाइ 'देखावटी' बन्यो भने नागरिकको विश्वास झन् कमजोर हुन्छ । त्यसैले सुनुवाइपछि के निर्णय भयो, कुन काम कहिलेसम्म, कसको जिम्मा हो भनेर सार्वजनिक रूपमा जानकारी दिने बानी बसाल्नु पर्छ । यद्यपि हामीले एउटा असजिलो सत्य स्विकार्नै पर्छ अनलाइन सहभागितामा नेपाल अझै पछाडि छ ।



संयुक्त राष्ट्रसङ्घको ई सरकार सूचकाङ्क २०२४ मा नेपालको मान ०.५७८१ र स्थान ११९ देखिएको तथ्यले डिजिटल सेवाको पहुँच, गुणस्तर र नागरिक अनुभूतिको दुरी देखाउँछ । यसको अर्थ प्रविधि छैन भन्ने होइन । अर्थ, प्रविधि नागरिकको अनुभव अनुसार चलेको छैन भन्ने हो । यो दुरी किन बढ्छ त ? पहिलो, पहुँच र सिपको असमानता । इन्टरनेट र डिजिटल सिप समान रूपमा फैलिन नसक्दा अनलाइन सेवा सबैका लागि समान हुँदैन । दोस्रो, विश्वास र सुरक्षा प्रक्रिया अस्पष्ट भयो । उत्तर आएन वा बिचमा फेरि मान्छे खोज्नु पर्‍यो भने नागरिक हिच्किचाउँछन् । तेस्रो, सेवा प्रवाह कतिपय ठाउँमा फाराम इन्टरनेटबाट भरे पनि फर्स्योटको तरिका पुरानै हुन्छ । समय सीमा छैन, जिम्मेवारी स्पष्ट छैन । उत्तर दिने संस्कार कमजोर छ । यी सबैले नागरिकलाई राज्यबाट टाढा धकेल्छन् । अब प्रश्न आउँछ नेपाल कस्तो हुनु पर्छ ? नेपाल यस्तो हुनु पर्छ जहाँ नागरिकले उजुरी राख्दा उत्तर आउने समय थाहा होस् । सेवाको मापदण्ड स्पष्ट होस् र निर्णय प्रक्रियामा सामान्य नागरिकको आवाज सुरक्षित रूपमा समेटियोस् । यसका लागि केही देशका अभ्यासले एउटा साझा पाठ सिकाउँछ-प्रविधि आफैँ समाधान होइन, प्रक्रिया र भरोसा मुख्य हुन् ।

इस्टोनियाले 'एक पटक दिएको विवरण फेरि फेरि नदिने' सिद्धान्तलाई बलियो बनाउँदै सरकारी निकायबिच सुरक्षित तथ्याङ्क आदानप्रदानको प्रणाली विकास गरेको उल्लेख छ । दक्षिण कोरियामा एउटै अनलाइन ढोकाबाट गुनासो सुझाव राख्न मिल्ने व्यवस्था छ । ताइबानमा खुला परामर्श प्रक्रियामार्फत अनलाइन र अफलाइन दुवै तरिकाबाट नागरिक, विज्ञ र सरकारलाई एउटै विषयमा छलफल गराउने अभ्यास देखिन्छ । भारतले नागरिकलाई छलफल, सर्वेक्षण, अभियान जस्ता माध्यमबाट सहभागी गराउने प्लेटफर्म सञ्चालन गरेको चर्चा छ । यी सबैको सार एउटै हो, नागरिकको कुरा सुन्ने प्रणाली, उत्तर दिने समय सीमा र भरोसा जगाउने संस्कार । नेपालका लागि समाधान कडा होइन, काम लाग्ने र लागु हुने हुनु पर्छ । पहिलो, सेवा दिने समय र जिम्मेवारी बाध्यकारी बनाऔँ । कति दिनमा काम हुन्छ भन्ने कुरा कार्यालयको भित्तामा टाँस्ने मात्र होइन, अनलाइन र अफलाइन दुवै ठाउँमा एउटै रूपमा लागु हुने गरी सेवा मापदण्ड बनोस् । ढिलाइ भए कारण खुलोस्, जिम्मेवार निकाय र व्यक्ति स्पष्ट होस् । दोस्रो, गुनासोमा उत्तर समय र अनुगमन अनिवार्य बनाऔँ ।

'हेलो सरकार' ले बाटो देखाएको छ, अब हरेक मन्त्रालय, निकाय र स्थानीय तहमा गुनासो हेर्ने अधिकारी स्थिर, तालिमप्राप्त र उत्तरदायी बनाउने व्यवस्था चाहिन्छ । उजुरी दर्ता भएदेखि फर्स्योटसम्म नागरिकले आफैँ हेर्न मिल्ने सरल अवस्थिति सूचना पनि हुनु पर्छ । तेस्रो, सार्वजनिक सुनुवाइलाई समाधानमुखी बनाऔँ । सुनुवाइ नियमित होस्, निष्कर्ष पनि सार्वजनिक होस् । नागरिकले उठाएका प्रश्नको उत्तर मात्र होइन, सेवा सुधारका ठोस निर्णय र समयरेखा पनि बाहिर आओस् । चौथो, नागरिक बडापत्रलाई कागजबाट प्रतिबद्धता बनाऔँ । सेवा ढिला भयो भने क्षतिपूर्ति, गल्ती भयो भने सुधार र काम नगर्ने संस्कृति भयो भने कारबाही । यस्ता कुरा व्यवहारमा लागु भए मात्रै नागरिकले राज्यलाई मेरो ठान्छ । पाँचौँ, सूचना माग्दा झन्झट होइन, सहजीकरण होस् । सूचना अधिकारी सक्रिय बनून्, सूचना अद्यावधिक होस् र स्थानीय भाषामा बुझिने गरी जानकारी उपलब्ध होस् । यसले पारदर्शिता मात्र बढाउँदैन, गलत बुझाइ र भ्रष्टाचारको ठाउँ पनि घटाउँछ । छैटौँ, गाउँ गाउँमा सहयोग कक्ष र डिजिटल सिप, अनलाइन सेवा छ भन्दैमा सबैले चलाउन सक्दैनन् । वडा कार्यालय, स्वास्थ्य चौकी वा सेवा केन्द्रमा सहयोग कक्ष राखेर फाराम भर्न, निवेदन पठाउन र गुनासो दर्ता गर्न सहायता दिइयो भने पहुँचको खाडल घट्छ । सातौँ, विश्वास बढाउने सुरक्षा र गोपनीयता । नागरिकले दिएको विवरण सुरक्षित छ भन्ने भरोसाबिना सहभागिता बढ्दैन । सुरक्षित तथ्याङ्क आदानप्रदान, स्पष्ट गोपनीयता नियम र उत्तरदायी प्रविधि व्यवस्थापनमा लगानी बढाउनु पर्छ । नागरिकको डर हटाउने यही आधार हो ।

नागरिक सहभागिता भनेको कार्यक्रम होइन, राज्य र नागरिकबिचको विश्वासको सम्झौता हो । कानुनले दिशा दिएको छ, केही प्रणालीले ढोका देखाएको छ । अब चाहिने कुरा भनेको सेवाको संस्कार बदल्ने इच्छाशक्ति, कर्मचारीको क्षमता र नागरिकलाई केन्द्रमा राख्ने व्यवहार हो । नेपाल त्यतिबेला बलियो हुन्छ, जब नागरिकले राज्यसँग डराएर होइन विश्वास गरेर कुरा गर्न सक्छ । गोप

# दलहरूले सुधार गर्नुपर्ने कुरो



• सादेशमणि पोखरेल

नेपाली राजनीतिका हरेक चाल तथा ताल बेगिला देखिन्छन् तर थेगिला छैनन्। चाहे २००७ सालदेखिको आन्दोलनको कर्म यही नै रह्यो। २००७ सालदेखि नै मुलुकले स्थिर सरकार खोजिरह्यो तर पूरा हुन सकेन। न त मुलुकले २००७ सालपछि दिल्लीमा सहमति भएअनुसारको भनिएको संविधानसभाको निर्वाचन नै गर्न सक्यो। जब मुलुकले २०१५ सालमा जननिर्वाचित सरकार पायो, तब जनतामा आशा जाग्न थाल्यो तर २०१७ को 'कू'ले सोही दूरदृष्टि लगभग अन्त्य भयो। तत्कालसम्म पनि विविध कालखण्ड हुँदै गुज्रेको मुलुकले न त स्थिर सरकार नै पाउन सक्यो न त विकासका गतिविधि क्रियाशील बन्न नै पाए।
माथि उल्लेख भएका विधिहरू प्रजातान्त्रिक पद्धतिलाई संस्थागत गर्नका लागि गरिएका विन्दुहरू थिए। तर वर्तमानसम्म पनि नेपालमा प्रजातन्त्र वा लोकतन्त्र यथावत्मै रहिरह्यो। प्रजातन्त्र त्यो शक्तिशाली आयाम हो, जसमा निर्णय निर्माण प्रक्रिया तल हुँदै माथि तथा माथि हुँदै तल जाने पद्धतिको भयानक अभ्यास हुने हुन्छ। आधुनिक व्यवस्थापनका पिता पिटर एफ डूकरले सन १९५४ मा प्रकाशित पुस्तक व्यवस्थापनको अभ्यासमा उद्देश्यद्वारा प्रबन्धित प्रणाली (एमबीओ) को अवधारणा बारे व्याख्या गरेका छन्। व्यवस्थापन पद्धतिमा डूकरले यसलाई शुद्ध प्रजातन्त्रसँग लिने गरेको पाइन्छ, जसमा उद्देश्य केन्द्रित निर्णय निर्माणमा नेतृत्वको भूमिकादेखि व्यक्तिगत सक्षमता पनि जोडिएको छ।

यो एक नेतृत्वदायी रणनैतिक रूपरेखासमेत हो जसमा प्रजातन्त्रका आधारभूत इकाइहरूलाई समेत दृष्टिगत गरी नेतृत्वको चयनमा जोडबल गरिन्छ। विश्वको इतिहासलाई केलाएर हेर्दा विश्वमा प्रजातन्त्रको संस्थागत विकास गर्ने दायित्व राजनैतिक दलहरूको हो। तर हाम्रो मुलुकमा प्रजातन्त्र र सोद्वारा सिर्जित विकासे माहोलले फड्को मार्न नसक्नुमा नेपाली राजनैतिक दलहरूको ठूलो भूमिका छ। यसैकारण भन्ने समेत गरिन्छ, नेपालका दलले न त प्रजातन्त्र मान्छन् न त विधिको शासन नै मान्छन्। यसका प्रशस्त उदाहरण नै छन्। यसै लेखको माध्यमद्वारा विधिको शासन तथा प्रजातन्त्रको पूर्ण प्रत्याभूतिका लागि जनताले जनताका लागि गरिने शासनमा समरूपी भावनाको विकासका लागि आग्रहसमेत गरिन्छ।

**दलदलमै दलहरू**

भर्खरैमात्र नेपाली राजनैतिक माहोल फरक बन्न पुग्यो, महाधिवेशनको मेलोमा। नेकपा एमालेले समेत विगत केही समयअघि आफ्नो महाधिवेशन सकायो, बिना कुनै झन्झट र रोकावटसहित। यसमा बोल्न साहस गर्नेहरूलाई निकै पर पुऱ्याइयो, विगतका राजनैतिक त्यागका बलिदान बिर्सिएर। वर्तमानमा नेपाली कांग्रेसको विशेष महाधिवेशनले माहोल तातेको छ, बहुमतभन्दा बढी हस्ताक्षरको संकलनसहित महामन्त्रीहरू बेगिला बनेका छन्। तर अर्को पक्ष यसलाई डिस्मेन्टल गर्न उद्यत् छ। यसबाट समेत महसुस गर्न सकिन्छ कि, नेपाली दलहरूमा प्रजातन्त्रको खडेरी नै परेको छ के रोक्ने तथा छेक्ने प्रजातन्त्रका तत्त्व हुन् त ?

के प्रजातन्त्रको बटमलाइन निषेध हो त ?
विश्वव्यापी रूपमा प्रजातन्त्रका अप्रत्यक्ष उपजहरू भनेका नै दलहरू हुन्, जसमा दलीय हिसाबले निर्वाचित प्रतिनिधिहरू यसका वाहक हुन्। राजनीतिशास्त्रको एक अध्यायले यसलाई प्राकृतिक उद्भवसँग जोडेर व्याख्या गरेको पाइन्छ। यसको उदाहरणका रूपमा सामाजिक लोकतन्त्रलाई अभिन्न अवयव मान्ने बेलायतको लेवर तथा कन्जरभेटिभ पार्टी, कल्याणकारी राज्य प्रवृत्तिमा विश्वास गर्ने भारतका भारतीय राष्ट्रिय कांग्रेस र भारतीय जनता पार्टी, सामाजिकताको सिद्धान्तमा आधारित जर्मनको सोसल डेमोक्रेटिक पार्टीलगायत अन्य विश्वका राजनीतिक दलहरूले यस प्रणालीलाई संस्थागत गरेको पाइन्छ। यही हो लोकतान्त्रिक पद्धतिका सबल पक्षहरू।

नेपाली सन्दर्भ फरक छ, एक त नेपाल अल्पविकसित मुलुक हो र सन् २०२६ मा विकासशील मुलुकको श्रेणीमा स्तरोन्नति हुने क्रममा छ। यहाँको राजनीतिक वातावरणमा कूटनीतिक प्रभाव रहनु स्वाभाविक हो, आर्थिक-सामाजिक सहयोगका हिसाबले। तर त्यो सामाजिक सिद्धान्त यहाँका वर्गीय असन्तुलनका पक्षमा जनमत खडा गरी चुनाव जित्नका हेतु राजनीतिमा होमिने नेतृत्वलाई भने उत्ति उत्तम मानिन्न। यसका लागि ढाँटेरै भए पनि महाधिवेशन तथा निर्वाचनमा बखेडा झिक्ने र चुनाव जित्ने नेकपा (एमाले) तथा नेपाली कांग्रेस, जसले म नै राज्य हुँ भन्ने भावना हालसम्म पनि विकास गरिरहेका छन्, यस्ता विषयवस्तु माथि शिक्षित जनताले अब निर्मम समीक्षा गर्नेछन्। जसको उदाहरण ह्विपमा चल्ने एमाले तथा परिवर्तनलाई स्वीकार गर्न नसक्ने कांग्रेसले हालसम्म पनि गरिरहेका छन्। तर भयको त्रासदी कांग्रेसभन्दा बढी एमालेमा देखियो जसमा चुइँक्क बोल्ने आँट कसैले गर्न सकेन भने कांग्रेसले नेतृत्व पंक्तिलाई त्राहिमाम गर्न लगभग सफल नै भयो।

वर्तमानमा नेपालको प्रजातान्त्रिक दल नेपाली कांग्रेस कि गर् कि मर् को अवस्थामा छ। दलमा दण्डहीनता र असमान नियुक्तिहरू बढेका बढ्यैछन्। तैपनि यथास्थितिवादी नेपाली कांग्रेसको नेतृत्व तथा सम्मानित टीकाधारी पाँच, छ भाइ भने अल इज वेलको अवस्थामै रहेका छन्, टीकाकै प्रतीक्षामा। कांग्रेसीहरूको भावनात्मक वेग वर्तमान नेतृत्वप्रति ज्यादै नकारात्मक देखिएको छ। भिड आक्रोशित देखिन्छ। जेन-जी विद्रोहपछि भौतिक कारबाहीमा परेका शेरबहादुर देउवाको वर्तमानमा नेतृत्वको कुर्सी छाड्ने कुनै पनि लक्षण देखिएको छैन। ६० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिहरूको भावनालाई लत्याउने कस्तो प्रजातन्त्रमा

**बाँचिरहेका छन् शेरबहादुर देउवा ?**

उता एमाले पनि यसका बारेमा पनि अछुतो छैन। एमालेमा देखाउने लोकतन्त्र तथा प्रजातन्त्रका ठूलै ठेली छन् र नेतृत्वसामु बोल्ने भनेर देखाउने लोकतन्त्रको किताबै लेख्न सक्ने झन् ठूला ठेली छन्। कुरा गर्न मात्र सीमित ठेलीको कुनै महत्त्व स्वीकार हुँदैन लोकतन्त्रमा। यसका निम्ति अभ्यास आवश्यक हुन्छ। तर जनता र आम कार्यकर्ताले महसुस गर्ने आन्तरिक लोकतन्त्र एमालेमा शून्य छ। उमेर हदलाई ७० बाट बढोत्तरी गरी मृत्युपर्यन्त बनाउने, एमालेजनकै प्रियपात्र प्रदीप ज्ञवालीलाई केवल केन्द्रीय सदस्यमा खुम्च्याएर राख्न पाउँदा एमाले आफूलाई गर्विलो इतिहास बोकेको ठान्छ। के वाकशक्तिको परीक्षण गर्न नपाउने प्रजातन्त्र तथा लोकतन्त्रको विधि हो त ?

**निर्धारित आधारविन्दुहरू**

माथि उल्लेख भएअनुसारका विधि तथा प्रक्रिया यसै लेखको माथि नै उल्लेख भए अनुसारका एमबीओका प्रक्रिया नेपाली कांग्रेस तथा नेकपा एमालेले स्पष्ट रूपमा नमानेको देखिन्छ। प्रजातान्त्रिक प्रणालीमा विश्वास गर्ने दल तथा संगठनका हिसाबमा निर्णय प्रक्रिया तल हुँदै माथि (बटम अप) तथा माथि हुँदै तल (टप डाउन) पद्धतिको भयानक अभ्यास हुने हुन्छ, तर यसको कठोर नियन्त्रण गरेको देखिन्छ, वर्तमानमा रहेका नेपाली दलहरूले। यसलाई प्रजातन्त्र कम र निरंकुशता बढीभन्दा सार्थकतुल्य हुन्छ। व्यवस्थापनकै सिद्धान्तहरू नै लगभग असफल (फेलर) बन्ने कस्तो खालको प्रजातन्त्रको अभ्यास गऱ्यौं हामीले ? भन्दै गर्दा व्यवस्थापनकै अर्को सिद्धान्त प्रणाली सिद्धान्त (सिस्टम थ्योरी) समेत फेलर भएको आभास हुन्छ। जहाँ निवेश (इन्पुट) द्वारा प्रक्रिया (प्रोसेस) र प्रक्रियाद्वारा उपज (आउटपुट)को अनुकूलित व्याख्या गरिन्छ । यसमा पृष्ठपोषणको माध्यमद्वारा उपजमा भएमा गलत गराइका पुनः निवेशमा सुधार गर्ने गरिन्छ। तर माथि भनिए झैं उपजमाथि नै सुनुवाइ नहुने नेपालका दल प्रणालीमा न त पृष्ठपोषणको महत्त्व भयो न त निवेशको। यसर्थ पनि भन्न सकिन्छ कि, प्रक्रियामा आधारित परिपाटी (सिस्टम वेस्ड अप्रोच) नेपालमा लागू हुन (एडेप्टेवल) लामै समय लाग्न सक्छ।

यस्ता प्रणालीको विकास हुन नेपालमा उति धेरै ऊर्जा हामीले खर्च गर्नु आवश्यक हुँदैन जति हामीले सोचेका छौं। सर्वप्रथम त यसका लागि मुलुकमा शिक्षित जनशक्ति तयार हुन सक्नुपर्छ, जसका लागि मुलुकले हरेक वर्ष अबौं बजेट विनियोजन गर्ने गरेको छ। जुन क्रमिक आधार हो। त्यही शिक्षित जनशक्ति भोलिको राज्य सञ्चालक शक्ति हो र बन्न सक्छ।

नेताभन्दा नीति प्रधान हो भनेर पैरवी गर्ने तर अध्ययनलाई मूल विषयवस्तु नमान्ने नेपालमा राजनीतिमा सक्रिय बन्नका लागि अध्ययनको निर्धारक विन्दु (बेन्चमार्क) तोक्ने, राजनीतिक उमेरहदलाई असंशोधनीय नीतिका रूपमा लिई लागू गर्ने, नेता तथा कर्मचारीतन्त्रमा भ्रष्टाचारको मामिला तथ्यसहित फेला पर्दा सिधा निलम्बन पर्ने, नीतिको सिधा र स्पष्ट कार्यान्वयनमा जोड दिने, मेरिटमा आधारित तथा कार्यकुशलतामा आधारित पद्धतिलाई जोड दिन सकियो भने मुलुकको समग्र प्रजातान्त्रिक प्रणाली चुस्त, दुरुस्त, प्रभावकारी तथा प्रभावशाली बन्नेमा दुई मत छैन। जसका लागि नियत सुधारमा जोड दिनका लागि ध्यान तथा योगाजन्य क्रियाकलापमा जोडसमेत दिनु आवश्यक देखिन्छ। अपू

# निर्वाचनः नयाँ पुराना दलको अग्निपरीक्षा



• सानु कार्की बस्नेत "सिता"

जनताले आफ्नो प्रतिनिधि छान्ने लोकतान्त्रिक प्रक्रिया निर्वाचन हो। रुपान्तरण र परिवर्तनका लागि गरिएको जेनजी आन्दोलनको परिणामस्वरूप प्रतिनिधि सभाको निर्वाचन हुँदैछ। राजनीतिक नेतृत्वतर्फ हेर्दा, एमालेले हालसालै महाधिवेशन सम्पन्न गरे तापनि नेतृत्वमा रुपान्तरण र पुस्तान्तरण गर्न सकेन, नेकपाले नेतृत्वमा नरमगरम शैलीमा मात्रै परिवर्तन गर्यो, नेपाली कांग्रेसले नेतृत्व परिवर्तन गर्ने र परिवर्तन इन्कार गर्ने विवादले पार्टी दुई टुक्रामा विभाजित भयो। बैकल्पिक नयाँ शक्ति भनी उदाएका रास्वपालगायतका पार्टी लोकप्रिय त भए, तर भरपर्दा भएनन् ।

समाजले भरपर्दा शक्ति खोजेको छ। युवा वर्गले जवर्जस्त रुपान्तरण र परिवर्तन चाहेको छ। सिद्वान्ततः रुपान्तरण र परिवर्तन नहुने हो भने समयको शक्तिसंग सामना गर्नुपर्ने हुन्छ। समयको रुपमा आसन्न निर्वाचनको हुरी आउँदैछ, यो निर्वाचनको हुरीले क-कसलाई बडार्ने हो? यो निर्वाचनलाई जेनजी, नयाँ दल र पुरानो दलको अग्निपरीक्षाको रुपमा हेरिएको छ।

यस लेखमा आसन्न निर्वाचनका के कस्ता राजनितिक सवाल र चुनौती छन् ? निर्वाचनको अग्निपरीक्षामा जेनजी, नयाँ दल र पुरानो दलका आ-आफ्नो राजनीतिक सवालको विषयमा उजागर गर्ने प्रयास गरिएको छ।

विगतमा निर्वाचन नहुने तर नेतृत्वले नै समाजका अगुवालाई छान्ने परम्परा थियो । हाल बालिक मताधिकारबाट मतदान गरी निर्वाचन हुन्छ। अनि आफू स्वयं निर्वाचित भई वा आफूले निर्वाचित गरी पठाएका जनप्रतिनिधिबाट शासन सञ्चालन हुन्छ। नेपालमा १८ बर्ष उमेर पुगेका प्रत्येक नागरिकलाई कुनै एक मात्र निर्वाचन क्षेत्रमा आफ्ना प्रतिनिधि छान्न मतदान गर्ने अधिकार छ। कुनै पनि ब्यक्ति निर्वाचन क्षेत्रमा एक स्थानमा मात्र उम्मेदवार निर्वाचित हुन सक्नेछ।

संविधानको भाग ५, धारा ५६ मा "राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ" भनिएको छ। यी तीन तहमा लोकतान्त्रिक विधिबाट जनप्रतिनिधिहरु निर्वाचित हुनेछन्।

जेनजी आन्दोलनबाट सृजित विषम परिस्थितिमा तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएपछि सुशीला कार्कीको नेतृत्वमा नवगठित सरकारले प्रतिनिधि सभा विघटन गरी फागुन २१ मा निर्वाचन मिति तोकेको छ। उक्त दिन प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी जम्मा २७५ जना प्रतिनिधि सभाका सदस्यको निर्वाचन हुँदैछ।

अहिले देश चुनावमय बन्दै गएको छ। जनताले नयाँ अनुहार खोजिरहेका छन्। नयाँ डेलिभरि खोजिरहेका छन्। यद्यपि, वर्तमान सरकारलाई निर्वाचन सफल गराउन चुनौती छ। जेनजी, बैकल्पिक शक्ति भनी उदाएका नयाँ दल र असफल ठानिएका पुराना दल आ-आफ्नो गन्जागोलको चक्करमा फसेका छन्। नयाँ र पुराना दलको दोकानमध्ये जनताले कुन दोकान मन पराउँछन्, यो निर्वाचनले नयाँ र पुराना दलको अग्निपरीक्षा लिनेछ। पुराना दलका हाँगा मक्किएका छन् भने नयाँ दलका हाँगा दरिलो गरि गाडिन सकेको देखिदैन। जेनजीहरु कुहिरोभित्र रुमलिरहेका छन् । निर्वाचनको माहोल त आयो ,तर यो अग्निपरीक्षामा को पास हुन्छन् को फेल हुन्छन्, को कहाँ पुग्छन् भन्ने टुङ्गो छैन। निर्वाचन मुखमै आइसकेको छ। जेनजी, नयाँ र पुराना दलका आ-आफ्नो समसामयिक राजनीतिक मुद्दाहरु छन्, ती मुद्दाहरुले निर्वाचन गन्जागोलको चक्करमा फसी निर्वाचनमा धेरथोर प्रभाव पारिरहेको छ।

वर्तमान निर्वाचनको यो अग्निपरीक्षामा निर्वाचनका सवाल र चुनौतीहरु धेरै छन्।

निर्वाचनका सवाल र चुनौतीहरु

. नेपालमा भ्रष्टाचारविरुद्ध र सरकारको नयाँ नियमअन्तर्गत दर्ता हुन नआएका फेसबुक, इन्ट्राग्राम, ह्वाटसएप,ट्वीटर, युट्युभ लगायतका २६ वटा सामाजिक सञ्जालको प्रतिबन्ध बिरुद्धमा भन्दै जेनजी पुस्ताले थालेको सडक आन्दोलनले नेपालको राजनीति उथलपुथल भयो। भाद्र २३ गतेको नरसंहारपछि भाद्र २४ गते जेनजी विद्रोहले भयानक रूप लियो, जसको कारण विभिन्न स्वार्थ समूहको समेत उपस्थितिमा राष्ट्रका अमूल्य धरोहरहरूमाथि आगो लगाएर ध्वस्त पारियो। जेनजी युवाको मागलाई सम्बोधन गर्न भाद्र २७ गते गठित नयाँ सरकारबाट जेनजी युवाहरुले उठाएका एजेण्डा सम्बोधन हुन सकेको छैन। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, भ्रष्टाचार नियन्त्रण, रोजगारी सृजना, शासनको स्वरुप संरचनामा परिवर्तन र पुस्तान्तरण जस्ता विषयलाई सरकारले सम्बोधन गर्न सकिरहेको छैन। त्यस्तैगरी जेनजी आन्दोलनलाई रक्तपातपूर्ण बनाउने दोषीलाई कारवाही गर्न नचाहँदा सरकारको आलोचना जेनजीबाट नै भएको छ। जेनजीहरुकै सहमति र समर्थनमा गठित सरकारले जेनजीका मागहरुलाई सम्बोधन गर्न नसक्दा निर्वाचन समेत प्रभावित हुन सक्छ।

भाद्र २३ र २४ को जेनजी आन्दोलनले राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको संरचनामा आगजनी, तोडफोड र लुटपाट गरी सुरक्षा निकायका बन्दुक, गोली र अन्य हातहतियार लुटिए, खोसिए। ती हतियार के कति फिर्ता भयो? सरकारसंग एकिन तथ्यांक छैन। कतै आगामी निर्वाचनमा सो लुटिएका हतियार दुरुपयोग हुने हो कि भन्ने सम्भावना र त्रास जनमानसमा देखिँदा सरकारलाई निर्वाचनमा निष्पक्षता र पारदर्शीता कायम राख्न चुनौती छ।

जेनजी आन्दोलनबाट स्थापित सरकार असंवैधानिक हो भन्ने विषय र सो सरकारले २०७९ सालमा निर्वाचित प्रतिनिधि सभालाई २०८२ भाद्र २७ गते गरेको विघटनविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भई विचाराधीन छ। सो रिटले सरकारलाई मान्यता नदिएमा वा प्रतिनिधि सभालाई विघटन गर्ने निर्णय बदर गरी संसद पुनर्स्थापना गरेमा राष्ट्रिय राजनीतिक अन्यौलता सृजना हुन सक्नेछ।

जेनजीहरुको अवस्था पनि नाजुक छ। एकातिर आन्दोलनको मर्म र भावना विपरित गैरजेनजीको हातमा निर्णयको चाबी पुगेको देखिन्छ भने अर्कोतिर जेनजीहरु पनि टुटफुट भई बिभिन्न चिरामा विभाजित भएका देखिन्छन्। जेनजीहरु भदौ २४ को घटनाको कानुनी कारबाहीबाट बच्न सत्तामा पहुँच खोजिरहेका छन्।

राजनीतिमा बैकल्पिक शक्ति भनी नयाँ खोलिएका नयाँ दलले पुराना दलबाट लोकतन्त्र गतिशील, समावेशी र प्रगतिशील हुन सकेन भन्ने पुराना दललाई आरोप लगाई चुनावी तालमेलमा छन् । उनीहरुको चुनावी गठबन्धन राष्ट्र निर्माण र हितभन्दा सत्ताको मोहमा सीमित देखिन्छ। धरौटी रकम बुझाएर रास्वपाको सभापतिको पदमा पुनः फर्किएका रवि लामिछाने र काठमाण्डौ महानगरपालिकाका मेयर बालेन शाह बीचमा गठबन्धन भई बालेन शाहलाई भावी प्रधानमन्त्रीको उम्मेदवार बनाउने गरी सम्झौता त भयो, तर एक्लै निर्वाचित हुने तर गठबन्धनले काम गर्न दिएन भन्ने मेयर जस्ता च्यापर निवाचित नै भएपनि राजनैतिक स्थिरता कायम हुनेमा शंका देखिन्छ।

माओवादी पार्टीको दिर्घकालीन जनयुद्धले स्थापित गरेको समावेशी र समानुपातिक प्रतिनिधित्वको सवाल विकृत बन्दै गएको छ। समानुपातिक सदस्य छनौट गर्दा पार्टी चलाउने चन्दादाता, व्यापारिक घरानाका साहुजी, नेतृत्वका आसेपासे नातागोतालाई अगाडी ल्याइयो। वास्तविक आरक्षणलाई प्रतिनिधित्व गराउन दलहरु उदासिन देखिए। हाल नयाँ पसलमा सेलिब्रेटी र कलाकारलाई समानुपातिक लहरमा सजाएर राखियो। राजनीतिमा सक्रियता र योगदान न्यून भएका प्राविधिक क्षेत्रका व्यक्तिहरुको समानुपातिक सिटमा आकर्षण ह्वातै बढेको देखिन्छ। जसबाट जनतामा नयाँ दलप्रति समेत वितृष्णा र निरासा देखिन्छ।

राजनीतिक दलहरुको चरित्रलाई हेर्दाः

नेपाल कम्युनिष्ट पार्टी एमालेले भरखरै एघारौं महाधिवेशन सम्पन्न गरेको छ। सिद्वान्त र विचार प्रजातान्त्रिक छैन भनी देशले नै अस्वीकार गरेका पात्र केपी ओली अध्यक्ष निर्वाचित त भए , तर निष्ठावान कार्यकर्ताको ठुलो जनमत विपरित कित्तामा उभिएको छ। उनको स्वेच्छाचारी र एकलौटी निर्णय, विवादित पात्रलाई काखी च्यापेर इमान्दार कार्यकर्ताको उपेक्षा गर्ने प्रवृत्तिले त्यहाँ पनि असल राजनीतिक संस्कार र संस्कृति देखिदैन।

नेपाली कांग्रेसको अबस्था हेर्दा, विचित्रको भयो। पार्टीको अध्यक्ष शेरबहादुर देउवाले २४ गतेको घटनापछि लगभग राजनीतिक विश्राम लिने मनस्थितिमा पुगेपनि हाल पुनः पार्टीमा सक्रिय हुन चाहेको देखिन्छ। पार्टीका बहुमत प्रतिनिधिले विधानसम्मत माग गरेको विशेष महाधिवेशनलाई बेवास्ता गरेको र विशेष महाधिवेशनबाट नयाँ समिति गठन भई पार्टी फुटेको अबस्था छ।

नेपाली कम्युनिष्ट पार्टीको अबस्था हेर्दा, अरु पार्टीको तुलनामा केही आशावादी रहने ठाउँ छ। अरु पार्टी भरखरै तंग्रिदै गरेको अवस्थामा नेकपाले डेढ दर्जन दल र नेताहरुलाई एउटै पसलमा राख्न सफल भएको देखिन्छ। नेकपाको रेल समाजवादी यात्रामा हिडेको त छ तर, रेलको यात्रामा समाजवादमै पुग्ने यात्रीहरु सबै घटकलाई समेट्न सकिरहेको देखिदैन।

नयाँ दल र पुराना दल आ-आफ्नै समस्या र चुनौतीका बाबजद आसन्न निर्वाचनको चाप र चेपुवामा छन् । अन्य दलहरु राप्रपा, जसपा, लोसपा, जनमत, प्रगतिशील, उज्यालो नेपाल, श्रम संस्कृति पार्टी आफ्नो अस्तित्व छ भन्ने देखाउन घम्रदै जनतासामु जाँदैछन् । यथार्थमा यो निर्वाचन भनेको नयाँ दल र पुराना दलको अग्निपरीक्षाको रुपमा देखिएको छ।

देशमा निर्वाचन घोषणा भई निर्वाचनको मिति नजिकिँदै गरेको र दलहरुले समानुपातिक बन्दसूची समेत आयोगमा बुझाइसकेको अवस्था छ। पुराना राजनीतिक खेलाडी र "उम्रदैका तीन पात" भन्ने नेपाली उखानजस्तै उम्रिएका जेनजी र नयाँ शक्ति भनी देखिएका वैकल्पिक राजनीतिक खेलाडीहरुको खेल शुरु भएको छ। आमचुनावमा युवा आक्रोश संस्थागत हुन्छ कि, पुरानै आलोचित दोकानहरु चल्छन् यो प्रश्नको जवाफ निर्वाचनले दिने नै छ। तथापि, सचेत नेपालीले नयाँ र पुराना दलबाट पटक-पटक धोका पाएका छन् । पुराना दोकानमा विदेशी तत्व घुस्छ भनी विदेशी कार्ड फाल्ने पुरानो रोग छ। नयाँ दोकानमा राजनीतिक योगदान र सक्रियताको अभाव तर कलाकार सेलिब्रेटीको आकर्षण छ भनी आलोचना गरिन्छ। एक-अर्काको आरोप प्रत्यारोपको यस्तो अवस्थामा अब पुरानो र नयाँबिच राजनीतिक ध्रुविकरण हुनु जरुरी छ भन्ने विश्लेषण गर्न थालिएको छ।

अन्त्यमा, संवैधानिक स्थिरता, संघीयताको सवलीकरण, शासनमा समावेशीकरण र राजनीतिक संस्कारमा सुधार र परिमार्जनका लागि निर्वाचन अपरिहार्य छ। निर्वाचन अग्निपरीक्षा भएकोले दलहरुले समयलाई बुझेर चल्न ढिलो भइसक्यो। पुराना दलका दोस्रो पुस्ताले नेतृत्वको आरती गाउन र हनुमान हुन छाडी मक्किएका हाँगालाई परिवर्तन गर्ने र नयाँ पुस्ताले राज्य निर्माणमा योगदान र सक्रिय उपस्थिति देखाई दरिलो नगाडिएका हाँगालाई दरिलो बनाउन आवश्यक छ । जुनसुकै दलले असल राजनीतिक संस्कारसहित रुपान्तरण, परिवर्तन र पुस्तान्तरणलाई आत्मसात् गरेमा यो अग्निपरीक्षा फलदायी हुनेछ।

(लेखक अधिवक्ता , झापा बारका सह-सचिव तथा महिला समिति, झापा बारका अध्यक्ष हुन् ।)

# बाह्रदशी जेसीजद्वारा वार्षिक गतिविधि सार्वजनिक

झापा । बाह्रदशी जेसीज वर्ष २०२५ ले आफ्नो कार्यकालमा सम्पन्न भएका वार्षिक गतिविधि सार्वजनिक गरेको छ । जेसीज पद हस्तान्तरणको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमार्फत वर्ष २०२५ का अध्यक्ष तीर्थ काफ्लेले आफ्नो कार्यकालमा गरिएका कार्यक्रम र उपलब्धि सार्वजनिक गरेका हुन् ।

अध्यक्ष काफ्लेका अनुसार आफ्नो कार्यकालमा बाह्रदशी जेसीजले ४४ वटा महत्वपूर्ण कार्यक्रम तथा गतिविधि सम्पन्न गरेको छ । संस्थापक महासचिव हुँदै अध्यक्षको जिम्मेवारी सम्हालेका काफ्लेले संगठनात्मक सुदृढीकरणसँगै नेतृत्व विकास, सामाजिक उत्तरदायित्व र समुदाय केन्द्रित कार्यक्रमलाई प्राथमिकता दिइएको बताए ।

उनले जेसीज के हो, किन जेसीजमा आवद्ध हुने र जेसीजले व्यक्तिको क्षमता तथा नेतृत्व विकासमा कसरी सहयोग गर्छ भन्ने विषय समेटेर तालिमसहितको कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । "युवालाई सक्षम, जिम्मेवार र नेतृत्वशील बनाउने हाम्रो मूल उद्देश्य हो," अध्यक्ष काफ्लेले भने । बाह्रदशी जेसीजले शिक्षा र मानसिक स्वास्थ्यलाई समेत विशेष प्राथमिकतामा राखेको जनाएको छ । विद्यार्थी लक्षित कार्यक्रमअन्तर्गत बाह्रदशी गाउँपालिका-७ स्थित गौरीशंकर माध्यमिक विद्यालयमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको थियो । त्यसैगरी 'अध्यक्ष प्रकरण' कार्यक्रमअन्तर्गत 'परिवर्तनका लागि एकता' कार्यक्रमको सुरुवात गरिएको छ । सो कार्यक्रमअन्तर्गत कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीलाई समेटेर वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्न थालिएको अध्यक्ष काफ्लेले जानकारी दिए ।

समुदायस्तरमा प्रत्यक्ष प्रभाव पार्ने उद्देश्यसहित 'जेसीज धारा अभियान' सुरु गरिएको छ । अभियान अन्तर्गत सार्वजनिक स्थानमा खानेपानीका लागि धारा जडान गर्ने कार्य प्रारम्भ गरिएको र बाह्रदशी गाउँपालिका-६ स्थित बिहीवारे बजारमा सार्वजनिक धारा जडान गरिसकिएको छ ।

जेसीज सप्ताहअन्तर्गत गरिने नियमित कार्यक्रमलाई निरन्तरता दिँदै म्याराथनलगायत विभिन्न सामाजिक तथा रचनात्मक कार्यक्रम सम्पन्न गरिएको छ ।

साथै 'एक जेसी, एक विद्यार्थी' कार्यक्रममार्फत विपन्न समुदायका १७ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको जानकारी पनि सार्वजनिक गरिएको छ । बाह्रदशी जेसीजको स्थापना सन् २०२० मा भएको हो । सुरुङ्गा जेसीजको मातृ शाखाका रूपमा स्थापना भएको यस संस्थाका संस्थापक अध्यक्ष विगम श्रेष्ठ हुन् । हाल बाह्रदशी जेसीजमा ६७ जना सदस्य आवद्ध रहेको अध्यक्ष काफ्लेले बताए ।

कार्यक्रममा पूर्व अध्यक्ष पुष्प धमलाले वर्ष २०२५ ले उदाहरणीय कार्य गरेको भन्दै प्रशंसा गरे । उनले समाज रुपान्तरणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिएको उल्लेख गर्दै जेसीज धारा अभियान, लागूऔषध नियन्त्रण, मानसिक स्वास्थ्यलगायतका कार्यक्रम अत्यन्त उपयोगी भएको अनुभूति भएको बताए ।

पत्रकार सम्मेलनको सञ्चालन वर्ष २०२५ की महासचिव सदिक्षा खड्काले गरेकी थिइन् । कार्यक्रममा माघ ३ गते जेसीज पद हस्तान्तरण गर्ने कार्यक्रम तय भएको जानकारी दिइयो । पद हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि बाह्रदशी गाउँपालिकाकी उपाध्यक्ष शान्ता खरेल रहने जनाइएको छ ।


## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**

**फोनः ०२३-५४०४७८**

**मोः ९८५२६७७३५५**

**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**


# झापा ५ मा सुमन सिंहलाई माओवादी हेडक्वाटरको संकेत

झापा । २१ फागुनमा हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनका लागि झापाको क्षेत्र नम्बर ५ बाट नेत्रविक्रम चन्द ' बिप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) झापाले पार्टीका केन्द्रीय सदस्य एवम् झापा इन्चार्ज सुमनसिंह पौडेल सीसहित पाँचजनाको नाम सिफारिस गरेको छ ।

जिल्लाका पाँचै निर्वाचन क्षेत्रबाट प्रत्यक्ष उम्मेदवारुको नाम सिफारिस गरिसकेको पार्टीले क्षेत्र नम्बर ५ मा सुमनसिंह पौडेल सीसहित सञ्जय राई, बिनोद राई, किश्वर बस्नेत र रमेश देउजाको नाम सिफारिस भएको छ । यस क्षेत्रबाट नेपाल कम्युनिष्ट पार्टी एमालेले पार्टीका केन्द्रीय अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको नाम एकल सिफारिस गरेकाले उनले चुनाव लड्ने पक्का छ । राष्ट्रिय स्वतन्त्र पार्टीले भने काठमाडौं महानगरपालिकाका नगर प्रमुख बालेन्द्र शाह (बालेन) उम्मेद्वार बनाउने चर्चा शुरु भइसकेको छ ।

नेकपा (माओवादी) झापाले झापा क्षेत्र नं. १ बाट यादव पौडेल, प्रविण अधिकारी, खोम मिश्रको नाम सिफारिस गरेको छ । यस्तै, झापा क्षेत्र नं. २ बाट अर्जुन पाण्डे, अंकिता आचार्य, झापा ३ बाट सन्तोष कटवाल, हुकुम मल्ल र गोली लोहारको नाम सिफारिस भएको छ । झापा क्षेत्र नं. ४ बाट ताराबहादुर थापा, कुमार मैनाली, देवी उप्रेती र खेम बुढाथोकीको नाम सिफारिस भएको केन्द्रीय सदस्य सुमनसिंह सीले बताए ।

झापा-५ मा पार्टीले राजनीतिक झट्काका लागि पनि सुमनसिंह पौडेल सीलाई माओवादी हेडक्वाटरले अघि सार्ने स्रोतको दाबी छ । यसअघि झापा-५ मा नेकपा (माओवादी) तर्फबाट सञ्जय राईको नाम पनि सम्भावित उम्मेदवारका रूपमा चर्चामा थियो । तर पार्टी हेडक्वार्टरले स्थानीय तह, संगठनात्मक अवस्था, शुभेच्छुक तथा मतदाताबाट प्राप्त सुझावहरूको गहन विश्लेषणपछि सुमन सिंहलाई सशक्त विकल्पका रूपमा अघि सार्ने सम्भावनामा गम्भीर छलफल गरिरहेको बताइएको छ ।

झापामा सुमनसिंह प्रभावशाली युवा नेताका रुपमा परिचित छन् । सुमन सिंहलाई अध्ययनशील, विश्लेषणात्मक, संघर्षशील तथा साहित्यिक चेतनाले निर्देशित नेताका रूपमा हेरिन्छ। उनी उत्पादनमूलक र व्यावसायिक क्षेत्रमा समेत सक्रिय रहँदै आएका छन्। राजनीतिक विश्लेषकहरूका अनुसार युवा पुस्तामाझ सिंहको स्वीकार्यता विस्तार हुँदै गएको देखिन्छ, जसले निर्वाचन समीकरणमा निर्णायक प्रभाव पार्न सक्ने सम्भावना छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले वैकल्पिक राजनीतिक धार निर्माण गर्ने रणनीतिसहित सुमन सिंहलाई उम्मेदवारका रूपमा अघि सार्ने विषयमा आन्तरिक छलफल तीव्र पारेको स्रोतको भनाई छ । पार्टी स्रोतहरूका अनुसार वर्तमान राजनीतिक परिदृश्यमा देखिएको पश्चिमा प्रभावलाई सन्तुलनमा ल्याउने उद्देश्यसहित सिंहलाई अघि सार्ने तयारी भइरहेको छ । यस सन्दर्भमा छिमेकी मुलुक चीन र भारतबाट अप्रत्यक्ष सहयोगको सम्भावनाबारे समेत राजनीतिक वृत्तमा चर्चा चलेको छ, यद्यपि यसबारे कुनै आधिकारिक पुष्टि भने भएको छैन ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ